प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७८/०७९ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको बर्गीकृत (निःशुल्क) छात्रबृत्ति तर्फको अनलाइन आवेदन फाराममा कागजात संलग्न गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७८।०५।२४ गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७८/०७९ का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुको बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा अध्ययन गर्नका लागि डिप्लोमा तहका बिभिन्न कार्यक्रमहरुमा मिति २०७८।०४।३० गते र प्रि-डिप्लोमा तहका बिभिन्न कार्यक्रमहरुमा मिति २०७८।०५।०२ गते प्रकाशित र मिति २०७८।०५।१९ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार अनलाइन आवेदन फाराम भर्ने **म्याद मिति २०७८।०५।२५ गतेसम्म थप** गरिएकोमा केही आवेदकहरुले अनलाइनमा आवेदन फाराम भर्दा कागजातहरु संलग्न नगरेको जानकारी प्राप्त भएकाले आवश्यक कागजात संलग्न गर्ने स्थानमा अन्य कागजातहरु संलग्न गरेको पाइएकोले त्यस्तो आवेदकलाई अनलाइनमा व्यक्तिगत विवरण र कोटा अनुसारको कागजातहरु संलग्न गर्नका लागि www.ctevtexam.org.np को Classified Scholarship Online मा सम्वन्धित आवेदकले आफ्नो Login गरी **मिति २०७८।०५।२६ र २७ गते भित्रमा** आफ्नो त्रुटिहरु सच्याउन एवं छुट भएका आवश्यक कागजातहरु संलग्न गरी Confirm Submit गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

छुट कागजातहरु संलग्न गर्न र त्रुटि सच्याउन दिएको समयावधी भित्र सुधार नगरेको खण्डमा त्यस्ता आवेदनहरु नतिजा प्रकृयामा समावेश गरिने छैन । साथै आवेदकहरुलाई कार्यक्रम तथा प्रदेश परिवर्तन गर्ने सुविधा नहुने र पहिले भरेको अनलाइन आवेदन फाराममा उल्लेख भएकै प्रदेश र कार्यक्रम यथावत कायम रहने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**